**Journal of Jayaprithvi Multiple Campus**
Vol. 1; May 2025
ISSN: 3059-9830 (Print)
Published by Research Management Cell (RMC)
Jayaprithvi Multiple Campus, Bhopur, Bajhang

# नेपाल भारत सीमामा जनस्तरको सम्वन्ध

**पृत बहादुर बिष्ट**
**उपप्राध्यापक**,
मानविकी तथा समाजिकसास्त्र केन्द्रीय विभाग
सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर
Email: pirt.bista10@gmail.com

**सार**

*नेपाल र भारतका सीमावर्ती जनताहरूका बिचमा पारस्परिक घनिष्ट सम्बन्ध रहेको छ । सीमा वारिपारिका जनताहरू बिचको जनस्तरको सम्बन्ध कैयौँ शताब्दी पुरानो छ । वर्तमानको दुई देश बिचको सिमाना र देशहरुको निर्माण भएपछि पनि दुवै देश र जनताका बिचको सुमधुर सम्बन्ध निरन्तर अगाडि बढेको छ । यो लेखको उद्देश्य नेपाल भारत दुवै देशका सिमानामा जनता-जनता बिचको जनस्तरको सम्बन्ध पहिचान गर्नु रहेको छ । यो अध्ययनको अध्ययन विधिको प्रकृति गुणात्मक हुनुका साथै सीमा वारिपारिको जनस्तरको सम्बन्धको अवलोकन, मुख्य सूचनादाता अन्तरवार्ता र द्धितीय स्रोतवाट तथ्यहरू सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ । यस अध्ययनमा नेपाल र भारतको सीमावर्ती क्षेत्रमा बस्ने जनताहरूको बिचमा जातीय, भाषिक, ऐतिहासिक, सामाजिक सांस्कृतिक र आर्थिक गहिरो सम्बन्ध रहेको छ । दुवै देशका सिमावर्ती क्षेत्रमा सजातीय समुदायको बसोवास भएको हुनाले उनीहरूका बिचमा विवाह, नातापाता, धार्मिक र सांस्कृतिक जस्ता सामाजिक सम्बन्धहरू रहेका छन् । दुवै देशका जनताहरू देवीदेवताको पूजापाठ, तीर्थव्रत, धर्मकर्मका लागि सिमावारपारका धार्मिक तीर्थ स्थल, मठ मन्दिरमा जाने गर्दछन् । दुवै देशका नागरिक सिमावर्ती बजारमा रोजगारी गर्न, गुणस्तरीय स्वास्थ्य उपचार गर्न, घरका लागि आवश्यक दैनिक उपभोग्य सामानका साथै व्यापार गर्ने व्यक्तिहरू व्यापारको लागि किनमेल गर्न एक अर्को देशमा सिमापार गरेर जान्छन् र परस्पर सम्बन्धद्धारा अन्तरक्रिया गरी जनस्तर सम्बन्ध निर्माण गर्दछन् । सिमामा बसोवास गर्ने नागरिकहरू एकअर्को देशको शिक्षा, स्वास्थ्य, सञ्चार र प्रविधिको सेवा सुविधा आदिको उपभोग पनि गरी रहेका पाइन्छन् । नेपाल-भारत जनस्तरको सम्बन्धलाई आकार दिन सिमावर्ती जनजातियता, भाषा, धर्म,,संस्कृति, इतिहास र प्रवासीले महत्त्वपूर्ण भूमिका खेल्दछन् ।*

***मुख्य शब्दः*** *सामाजिक सम्बन्ध, विवाह, तीर्थव्रत, स्वास्थ्य उपचार, रोजगारी*

**परिचय**

नेपाल भारत बीचमा अद्धितीय मित्रता र सहयोग, खुला सिमाना, जनता जनता बीचको गहिरो नाता र संस्कृतिको सम्पर्क लामो समय देखि रहदै आइको छ (पन्त, सन् १९६२, झा, सन् २०१३, पौडेल, सन् २०१८) । नेपाल भारत दुवै देशको सम्वन्ध ऐतिहासीक काल देखी विशिष्ट किसीमको रहदै आएको छ । प्राचिन काल देखि नै हालको नेपाली र भारतीय भु भागमा जन्मेका र हुर्केका परिवार र समुदाय बीच पारिवारिक, सामुहिक तहहरुमा आर्थिक राजनैतिक र सास्कृतिक सामीप्य र लेनदेन रहदै आएको छ (मिश्र, २०४६) ।

नेपाल भारतका बासिन्दाहरुको एकअर्को देशमा आवतजावतको क्रम आदिमकालदेखि नै प्रारम्भ भएको भए तापनि लगभग ३००० वर्ष अघिदेखि भने यो क्रम अटुट रुपले रहदै आएको छ (थापा, १९९५) । नेपाल भारतको वसाइ सराईको प्रवृतिको अध्ययन गर्दा उत्तराखण्ड तिर वाट नेपालको पश्चिम भेगमा मानीसहरु प्रवेश गरे । बसाई सरदै विस्तारै पूर्व तर्फ सरदै गए । ब्रिटिस शासनकालमा पूर्र्वी नेपालवाट मानीसहरु दार्जीलीङ्ग, आसाम, सिक्किम देखि बर्मा सम्म पुगे । यसैगरी राणा शासनकालमै विहार, उत्तरप्रदेश लगायतका ठाँउवाट तराई भागमा भारतवाटमानिसहरुको नेपाल तर्फ बसाई सराई भयो । त्यसैले नेपालको पश्चिम भागको भाषा, चाँडवाड, जातभात, कुमाउँ गढवाल सग मिल्ने गर्दछ भने पुर्वी नेपालको आसाम, सिक्कीम, दार्जिलिङ संग मिल्ने गर्दछ । विहार र उत्तर प्रदेश तिरको समाजिक सास्कृतिक संम्वन्ध नेपालको मध्यतराईमा वसोवास गर्ने मानीसहरु संग मिल्ने गर्दछ (नेपाली, १९६५) । नेपालको उत्तरी भेगमा वसोवास गर्ने वासिन्दाको जातिय, भाषिक, सास्कृतिक सम्वन्ध चिनको स्वसाशीत क्षेत्र तिब्बत सित निकट रहेको पाईन्छ । नेपाल भारत जस्तो एक अर्कामा निरभर, व्यापक र निकट सम्वन्ध विरलै मात्र छिमेकी देशमा पाईन्छ ।

भूगोल, इतिहास र संस्कृतिको निरन्तरता, रितिरिवाज, सम्झना देखि पर देखिको दुई देशका जनता जनता बीचको अन्तरक्रिया, जनस्तर सम्वन्ध, बृहत खुला सिमानाको व्यवस्था नेपाल भारत सम्वन्धका जग हुन । बास्तवमा नेपाल भारत सम्वन्धलाई खुला सिमानाबाटै परिभाषीत गर्न सकिन्छ । जुन प्रगाढ र चौडा बन्धनको सम्बन्ध हो । दुवै देश बीच हुने सन्धि समझौता भन्दा पनि पर दुई देशका जनता बीचको सम्वन्ध माथी रहेको छ (कुमार, २०१६) । नेपाल भारतको उत्पत्ति देखि नै खुला सिमाना र इतिहास देखि जनताको बीचमा परस्पर अन्तरक्रिया हुदै आएको छ । दुबै देशको समान समाजिक, सास्कृतिक पहिचानले जनताहरुको आवतजावतलाई प्रोहत्सान गरेको छ । दुबै देश बीचको सिमानाको सिमांकनले आवतजावतमा कुनै अवरोध गरेको छैन । निरन्तर समाजिक साँस्कृतिक सम्पर्क र आर्थिक आदान प्रदान चलिरहेको छ (थपलीया, १९९९) । दुवै देशको सीमा क्षेत्रमा सामाजिक सास्कृतिक सम्वन्ध, भौतिक पुर्वाधार, बजार र पर्यटकीय क्षेत्रहरुको विकासले रोजगारीका अवसरहरुको वृद्धि सगै सीमावारपार हुने गतिशिलता पनि बढेको छ । सीमावारपारका धार्मीक स्थलहरुमा पनि मानिसहरुको आवतजावत बढेको छ । सुचना प्रविधिको विकास र विस्तारले सिमा क्षेत्रका धार्मीक सास्कृतिक, आर्थीक क्षेत्रको भ्रमण र ती संस्थाहरु बीचमा सामाजिक सम्वन्धको विस्तार भएको छ । सिमा वारिपारीको प्राकृतिक स्रोत र सिमा क्षेत्रका समस्या न्यूनीकरण गर्न र दुबै देशका नागरिक बीचमा सम्वन्ध बढाउन नागरिक समाज र गैरसरकारी संस्थाहरु वीच सम्वन्ध स्थापित गरेका छन ।

नेपाल र भारत सिमानाका जनताहरु वीचमा रहेको सामाजिक साँस्कृतिक सम्वन्धको बहस भए पनि यो विषयमा गहिरो अध्ययन भएको देखिदैन । दुबै देश विचमा परापुर्वकाल देखि रहेको स्वतन्त्र आवतजावत, सिमापार विवाह, धर्मकर्म, वसाईसराईको अभ्यास वर्तमान आधुनिक शासन व्यवथामा पनि निरन्तर चलिरहेको छ । पछिल्ला समयमा राज्यका नीती र कानुनले सिमा क्षेत्रमा निगरानीमा कडाई गरिए पनि सिमावारपारको जनसम्वन्धमा फरक परेको छैन । बरु

सूचना र प्रविधिको विकासले सीमापारको सम्वन्धलाई थप बलीयो वनाएको छ। दुई देशका आम जनता बीच, व्यापारि व्यापारि बीच, परिवार परिवारका वीच होस वा रोजगार दाता र रोजगारी गर्नेको वीचमा सम्पर्क र परसपर गहिरो सम्वन्ध बढाएको छ। सीमापारको लोक साहित्यकारहरको बीचमा अन्तरक्रिया र छलफल र आदान प्रदान बढेको छ। सीमा पारका गैर सरकारी संस्थाहरु बीचको सम्पर्क बढेको छ। यी सम्पर्क र सम्वन्धहरुले दुबै देशका जनताको वीचमा गहिरो सम्वन्ध बढाउनको साथै राम्रो जीवनको लागी अवसरहरु पनि प्रदान गरेको छ। सिमाना वारपारको आवतजावतको स्वतन्त्रता र सामाजिक पक्षहरु सीमापारपारको नातापाता, पारिवारिक, धार्मिक सम्वन्ध र सिमावारपारको रोजगारीका अवसर र किनमेल, ब्यापारले दुबै देशका नागरिको जीविकोपार्जनमा पारेको प्रभावको ज्ञानको कमीलाई अध्ययन गर्न नेपालको र भारतको सिमालाई अध्ययन कार्य क्षेत्रको रुपमा छनौट गरी अध्ययन गरिएको छ।

## अनुसन्धान विधि

यो अध्ययन नेपाल भारत सिमावारपार वसोवास गर्ने जनता बीचको जनस्तरको सम्वन्धको अध्ययनमा केन्द्रित रहेको छ। नेपाल भारत सिमानालाई अध्ययन क्षेत्रको रुपमा लिएर जनजातिय अध्ययन, अवलोकन, अन्र्तवार्ता र मुख्य जानकार व्यक्ति अन्तरवार्ता विधिवाट आवश्यक तथ्याकहरु संकलन गरिएको छ। यो अध्ययनमा गुणात्मक अध्ययन विधिको प्रयोग गरीएको छ। यसका साथै नेपाल भारत सम्वन्धमा लेखीएका किताव, प्रतिबेदन, सम्मेलन, लेखहरुवाट प्राप्त द्धितिय तथ्याकहरु संकलन गरिएको छ। नेपाल भारत सिमाना, जनताको बीचमा रहेको सिमावारपार आवतजात, विवाह, नातापाता, किनमेल, धार्मीक र सास्कृतिक पक्ष, रोजगारी र जीवीकापार्जनको जनस्तर सम्वन्ध सित सम्वन्धीत प्राप्त भएका तथ्याकहरुलाई व्याख्या र विश्लेषण गरीएको छ।

## सीमा सम्बन्धको सामाजिक पक्ष

राजनैतिक सिमाना दुई देशका विचमा कोरीएको अनिवार्य प्रादेशिक नक्साङकन हो। दुई छिमेकी देशका जनता बीचमा सामान्यतया भाषा, जातिय, पारिवारिक, नाता सम्वन्धले बाधिएका हुन्छन। समान सँस्कृति भएका समुहहरु देशको विभाजन भएर छुट्टिए पनि उनीहरु बीच सम्पर्क जोडिएकै हुन्छ। यस प्रकारको संचार सिमापारको देशको सामाजिक सम्वन्धको स्वरुप हो। यसैले समाजिक अनुकुलता स्थापित गर्दछ। यस्तो अनुकूलता सामाजिक साँस्कृतिक आदान प्रदानहरु, अन्तरदेशीय विवाह, जातीय सचेतना र अन्य यस्तै कुराले निर्माण गर्दछ। अर्को तीर सिमापार जातीय आदानप्रदान, आर्थिक विकास र सामाजिक विकास तहमा निरन्तर विस्तार तिव्र भई रहेको हुन्छ। सिमापारको जातीय समूहहरु पारिवारिक इतिहास, भाषा, धार्मिक विश्वास, रितिरिवाजको विचार आदि अद्धितिय सामाजिक विशेषताहरुले जातजातीय समुहको सँस्कृति ईतिहास, भूगोल र सहअस्तित्वको नजिकको सम्वन्धले समाजिक सम्वन्ध निर्माण भएको हुन्छ।

छिमेकी देशका सीमा वारपारका जनता परसपर ऐतिहासिक उत्पत्तीको पहिचान, समान रीतीरिवाज, समान भाषा, आर्थिक संस्कृति साथै भुगोल, विवाह, र रगत स्वरुपको सम्पर्कको कारणले र छुट्याउन नसकिने सम्पर्क राज्यको विभाजनले पनि विभाजीत गर्न सक्दैन (फन, २०१७ सन)। सीमा वारपारको राष्ट्रियता सिमानाको दुवैतिर बसोवास गरेको पाईन्छ। सिमावारपारको जातीय समुह आधुनीक अन्तराष्ट्रिय प्रकार्य र राष्ट्रियताको विकासको उत्पादन हो। आजको विश्वमा एउटै राष्टियता विभिन्न देशहरुमा बसोवास गरीरहेका छन। एउटै देशमा पनि धेरै राष्टियताहरु छन। विभिन्न वर्ग, जातजाति, पेशा धर्मका मानिसहरु फरक फरक उद्देश्यका लागी सिमामा वारपार गर्दछन। तिनीहरुको आफनो आफनो

सम्पर्क भएको ठाँउ, मानिसहरु सँग मात्र सम्वन्ध हुने गर्दछ। नेपाल भारत सिमानामा मानिसहरु बीचमा ईष्टमित्र, भेटघाट, धर्मकर्म, दैनिक उपभोग्य वस्तुहरुको किनमेल र व्यापार, औषधोउपचार, रोजगारी, शिक्षा आदि पक्षमा अन्तरक्रिया र परसपर सम्वन्ध भई रहेको पाईन्छ। यसरी सिमावर्ती क्षेधमा वसोवास गर्ने जनताहरुका बीचमा हुने गतिशीलता र अन्तरक्रियाले समाजिक सास्कृतिक र आर्थिक सम्वन्ध प्रगाढ वनाएको पाईन्छ।

नेपाल र भारत बीचको इतिहास देखिको सम्वन्ध र खुला सीमाले देशका जनताको दैनिक मामिलाका साथै जनताको आन्दोलन बीचमा पनि सहकार्य र रहेको पाईन्छ। भारतीय स्वतन्त्र आन्दोलनका साथै नेपालमा राजनीतिक परिवर्तनहरूलाई पनि जनस्तरको सम्वन्धले सहयोग गरेको पाईन्छ। राणा शाही वर्गको विरुद्धमा प्रजातन्त्रको पक्षमा रहेका नेपालीहरूले ब्रिटिश साम्राज्यवाद विरुद्ध भारतीय स्वतन्त्रता संघर्षलाई पनि समर्थन र भाग लिएका थिए जस्तै बी.पी. कोइराला, भिमदत्त, डा. के आई सिह, जो भारतको स्वतन्त्रता संग्राममा सहभागी भए। नेपालको प्रजातान्त्रीक आन्दोलनमा भारतीय नेताहरुले सघाएका थिए । २०४६ सालको होस या २०६३ को जनआन्दोलन, मधेश आन्दोलन सवैमा सिमावर्ती जनसमुदायको सहयोग रहने गरेको पाईन्छ। नेपाल भारतको सिमा क्षेत्रको जनता बीचमा स्नेह, माया प्रेम, सदभाव, सहिसुण्ता रहेको देखीन्छ। नेपालको सुदूरपश्चिम प्रदेशको र भारत तर्फको तराईमा दुबै देश तर्फ राना थारु र पहाड, हिमाल वाट तल बसाइ सरेका समुदायको बसोवास रहेको छ। पहाडमा ब्राहमण, क्षेत्री, दलित जातीको बसोवास रहेको छ। उच्च हिमालमा सौका, भोटे जातीको बसोवास रहेको छ।

नेपाल भारत वीचको सबै भन्दा मजबुत सम्वन्ध जनस्तरको समाजिक सम्वन्ध हो, जसलाई जनस्तरको सम्वन्ध भन्ने गरिन्छ। यस भित्र पारिवारिक, बैवाहिक, आर्थिक, सास्कृतिक, धार्मिक, राजनीतिक पर्यटकीय, कामदार आदान प्रदानका सम्वन्धहरु पर्दछन। खुला सिमाना भएकै कारण नेपाल भारत बीचको यो सम्वन्ध निकै मजबुत छ। खुला सिमाना भएकाले पनि दिल्ली काठमाण्डौ बीचका सम्वन्धमा उतारचढावले सिमानामा धैरै ठुलो असर नपरेको हो। रोटीबेटीको सम्वन्ध भन्ने गरिएको यो सम्वन्ध कुनै सरकारले निर्माण गरेको नभई स्वस्फुर्त सम्वन्ध हो (पोखरेल, २०७६)। नेपाल भारतबीचको बसाई सराई अहिले र उहिले पनि बसाई सर्नेका निम्ति र जन्मेका ठाउका र गन्तव्य स्थलका परिवार तथा समुदायको निम्ती महत्वपूर्ण छदैछ (मिश्र, २००७ सन ) नेपाल र भारत वीचको सम्वन्धलाई घनिष्ट र विशेष बनाउने प्रमुख तत्व भनेका धार्मिक, समाजिक एवम सास्कृतिक समानता नै हो। यी दुई देशका जनताले प्राचीन समय देखी एकैखाले धर्म, सस्कार अगालेको पाईन्छ भने मिल्दा जुल्द समाजिक, सास्कृतिक चलन र रीतीरिवाज अवलम्वन गरेको पाईन्छ। दुवै देश बीचमा कुनै भौगोलीक सिमाको बन्देज रहेको पाईदैन त्यसैले सिमानामा ओहर दोहरमा कुनै प्रतिबन्ध नभएकोले प्रशस्त मानिसहरु दैनीक आवतजावत गर्दछन (गूरूङ र अरु, २०४०)। चैतको महिना दिदी बहिनी भेटघाट अर्थात भेटौलाको लागि दार्चुला बैतडी र कञ्चनपुरका सिमावर्ती नागरिक धार्चुला, पिथौरागढ, लोहाघाट, टनकपुर, वनवासा, खटिमा जाने गर्दछन भने उतावाट पनि भेटौलाको लागि नेपाल आउने गर्दछन। भाईदुईज, भाईटिकाको समय, दशै, गौरा पर्वको समयमा सुदूरपश्चिममा, राखीको समयमा मधेस प्रदेश, लुम्विनी प्रदेश र दशै तिहारमा कोशी प्रदेश र दार्जीलिडमा बढी मात्रामा भेटघाट सिमापार बढी हुने गर्दछ।

## धार्मिक र सांस्कृतिक सम्बन्ध

आधुनिक नेपाल र भारतको निर्माण हुनु भन्दा पहिला देखी नै जनताहरुको विचमा रोटीबेटी, भाषा, धर्म सस्कृति, जातजातीय आदिको सामीप्य सम्वन्ध रहदै आएको छ। ऐतिहासिक काल कोट्याउदा नेपाली छोरी सिता भारतका छोरा रामको वीचमा विवाह भएको धार्मिक ग्रन्थ रामायणमा उल्लेख छ। त्यसको निरन्तरता आज पनि अयोध्यावाट जनकपुर

विवाह पञ्चमीमा विवाह आउने गर्दछ । अवध र मिथिला बीचको सम्बन्ध विवाह पञ्चमीले घनिष्ट बनाएको छ । जनकपूरमा मनाइने यस पर्वमा अवधबाट धेरै मानिसहरु आउँछन् । उतबाट बेउला ल्याएर जन्ती आउँछ । जनकपूरमा सितासँगै विवाह गर्ने गरिन्छ । (पाण्डे, २०४६) वर्तमान समयमा यो पर्व राज्य स्तरमै बनाउन थालिएको छ । हिन्दु आराध्य देवता राम र सीताको विवाहको समझनामा बनाईन यस विवाह पञ्चमीमा हजारौंको संख्यामा भक्तजनहरु भारतबाट आउने गरेका छन् । बुद्धिष्ट पूर्वसाहित्यमा भगवान वुद्धको जन्म स्थल लुम्बिनीका बारेमा शाक्य जनगणनात्मक राज्य बारेमा उल्लेख भएको पाइन्छ । भगवान बुद्धको जन्म नेपालमा भयो ज्ञान भारतमा प्राप्त गर्नु भयो । शान्तिको सन्देश त्यहीबाट दिन शुरु गर्नु भयो । अशोक सम्राटको छोरी नेपालनै गएर वुद्ध धर्मको प्रचार गरिन उनले नेपालमै एक क्षेत्रीयसँग विवाह गरेर काठमाडौं नजिकै को क्षेत्रमा (राकेश, २०१८ सन्) बसीन । भारतीय हिन्दु धर्मावलम्बीहरुमा मर्नू भन्दा पहिले एकपटक पशुपतिनाथ, मुक्तिनाथ, देवघाट दर्शन गर्न नपाए मोक्ष प्राप्त हुँदैन भन्ने धार्मिक विश्वास छ । नेपालीहरुमा मर्नू भन्दा पहिला चारधाम यात्रा गर्नु पर्ने मान्यता जनजनमा छ । त्यसैले नेपाल र भारत बचिको धार्मिक र सांस्कृतिक सम्बन्ध जनजनमा विद्वमान छ (श्रेष्ठ, २०७३) ।

यसैगरी उत्तराखण्डको चम्पावत जिल्ला टनकपुर स्थित पुर्णागीरी माताको दर्शन गर्न आउने करोडौ भारतीय नागरिक नेपालकै व्रहमदेव र महेन्द्रनगरमा रहेको सिद्धनाथ बाबाको दर्शन गर्न आउने गर्दछन् । नेपालको दाङ, बुटवल सम्मका नेपाली नागरीक पुर्णागीरीको दर्शनका लागि भारत जाने गर्दछन् । त्यसैगरी बैतडीको निङगलासैनी त्रिपुरा सुन्दरी मेलाली भगवती, जंगन्नाथ दार्चुलाको मालिकाजर्न मन्दिरमा दर्शन गर्न भारतीय नागरीकहरु नेपाल आउने गर्दछन् । कैलालीको बहेडाबावा दर्शनका लागि सिमावर्ती भारतीय गाँउबाट मानिसहरु आउने गर्दछन ।

परापुर्वकाल देखि हिन्दु धर्मले मान्दै आएका देविदेवता देखी लिएर ऋषीमुनीहरुले आफनो ज्ञान साधनाको लागी निर्वाधरुपमा एक अर्को देशमा आवतजावत गरेको देखीन्छ । विश्वका शान्तिका प्रतिक एवम बुद्ध धर्मका प्रतिपादक गौतम बुद्धले समेत नेपाली भुमीमा जन्मेर भारतको भूमीमा गएर ज्ञान प्राप्त गरेका थिए । दुबै देशले मनाउने चाडपर्व रितिरिवाज चालचलन एकै प्रकारको छन् । सिमावर्ती क्षेत्रमा रहेका मठ मन्दिरहरुमा दुवै देशका भक्तजनहरुले पुजापाठ र दर्शन गर्ने गर्दछन । सिमावर्ती क्षेत्रमा वसोवास गर्ने नागरिकहरुका बीचमा समाजिक मूल्य मान्यता, संस्कार सबैमा धेरै समान्ता रहेको छ । यसैले दुइ देशको र जनता बीचको सम्वन्ध प्रगाढ छ (बस्नेत, २०७५) । सुदूरपश्चिम प्रदेश र उत्तराखण्ड बीचको जनस्तरको सम्वन्धको अध्ययन गर्दा घरको वनौट,आकार, दरवाजाका चौखट, झयालको बनौट, नौला, मन्दिर, पञ्चदेवल, आदिको बास्तुकला समान किसीमको रहेको छ । कर्णाली देखी गढवालसम्मका मन्दिर, न्वालाको शिल्पकला कलात्मक रहेको छ । बाध्यवादनमा हुडको, दाइन दमाह, विकुल, मसकवाजो, विकुल, झयाली आदी रहेका छन । गीत संगीत, लोकसाहित्य पनि सिमा वारी र पारिको एकसमान छ दुबै तर्फ लोकभाका गुजीने गर्दछन । न्याउली, झोडा, फाग दुबै तर्फ गाउने गर्दछन । परिवार कुटुम्वका ठुलाबडाले दिने आशिष एउटै रहेको छ ।

नेपाल र भारतका नागरिकहरु बीचमा सदीयो पुरानो नागरीक सम्बन्ध, विश्वास भौगोलिक, धार्मिक, सांस्कृतिक ऐतिहासीक एव आर्थिक र राजनीतिक सम्बन्ध निकै महत्वपूर्ण र ऐतिहासिक छ । दुबै देशका बीचमा गौरव पूर्ण ऐतिहासिक प्रगाढ सम्बन्ध रहि आएको छ । माता सिता र रामको विवाहले जनकपुर र अयोध्या, गौतम वुद्ध लुम्बिनी र बोधगया पूर्णागिरी र सिद्धनाथ बाबा,बहेडावाव, त्रिपुरा सुन्दरी, जस्ता अनेको धार्मिक तिर्थस्थलले दुवै देशको सम्बन्धलाई ऐतिहासिक कालदेखि प्रगाढ बनाएको छ ।

दुवै देशका नागरीक धार्मिक, सास्कृतिक, आर्थिक र प्राकृतिक पर्यटकीय स्थलहरू भ्रमण गर्ने गर्दछन् । जस्तै महत्वपूर्ण तीर्थस्थलमा भारतको चारधाम हिन्दुहरूको जीवनकालमा भ्रमण गर्ने आकांक्षा रहेको हुन्छ । चार धाम यात्रा वा भारतमा चार धामको भ्रमण,उत्तराखण्डको बद्रीनाथ÷केदारनाथ, उड़िसाको जगन्नाथ (पुरी), तमिलनाडुको रामेश्वरम र गुजरातको द्वारिका उनीहरूको धार्मिक विश्वासका कारण लगभग सबै हिन्दुहरूको जीवन–कालको आकांक्षा भएको छ, यसले लामो समयसम्म चल्ने सांस्कृतिक सम्बन्धको गवाही देखाएको छ । भारतका कतिपय ठाउँहरूलाई नेपालीहरूले पवित्र स्थल मानेका छन् जसमा हरिद्वार, ऋषिकेश, वाराणसी, गया, वैष्णोदेवी र अरु अन्य । त्यसैगरी, नेपालमा तिर्थयात्राका लागि भारतीयहरू माझ धेरै धार्मिक साइटहरू लोकप्रिय छन् । जस्मा काठमाडौंको पशुपतिनाथ, रुपन्देही जिल्लाको लुम्बिनी (बुद्धको जन्मस्थल), जनकपुरको राम–जानकी मन्दिर (जनक र सीताको जन्मस्थल) र मुक्तीनाथ, अन्य धेरैजस्ता भारतीयहरूका लागि दर्शन गर्नै पर्ने धार्मिक गन्तव्यहरू हुन । नेपाल भारत सम्बन्धको महत्वपूर्ण कडीका रुपमा रहेको सांस्कृतिक सम्बन्ध सभ्यताको विकास क्रमसँगै बढेको हो । पशुपतिनाथमा भारतीय मुलको ब्राह्मण हुनु र भारतका मन्दिरमा नेपालका ब्राह्मण हुनु मित्रताको संस्कृतिको महत्वपूर्ण सम्बन्ध हो । जीवनमा एक पटक पशुपतिनाथ र मुक्तीनाथको यात्रा गर्न भारतीय आउँछन् भने नेपालबाट बनारस नेपालीहरु जान्छन् । हिमालय र गंगा, पशुपति र तीरुपति तथा अद्धितिय जनस्तरको सम्वन्ध छ (शर्मा, २०७३) । नेपालीहरु ब्यापक मात्रामा भारतको तीर्थाटन जान्छन् त्यसैगरी भारतीयहरु नेपाल आउँछन् ।

नेपाल र भारतका अधिकांश जनताहरुको समान सांस्कृतिक विश्वास र सम्पदा छन् । धार्मिक सामाजिक सम्बन्ध सुमधुर र सचेत छ । दुवै देशको इतिहासमा कहिले पनि बन्द र अमिलो सम्बन्ध रहेन । धार्मिक र सामाजिक जीवन कहिले पनि परेशान रहेन । दुवै देशको पुरात्नकाल देखि लेखिएको इतिहासमा पनि सबै समयमा सामाजिक सद्भाव रहेको पाइन्छ । नेपाल आर्थिक रुपले भन्दा पनि धार्मिक रुपमा भारतसँग नजिक छ । सामाजिक सद्भाव भारत नेपाल सम्बन्धको मेरुदण्ड हो । नेपाल भारतको संस्कृतिको आदर्श वाक्य भनेको विश्वव्यापी भ्रातृत्व हो । यस क्षेत्रमा समान परम्परा र रहस्य जडहरु आदानप्रदान गर्दछ । समान, कला, संगीतका साथै समान भाषाको पृष्ठभूमि छ । दुवै देशमा देवनागरी लिपी प्रयोगमा छ (राकेश, २०१८) ।

**विवाह र नाताको जनस्तर सम्बन्ध**

नेपाल र भारतको सीमा क्षेत्रमा जनता बीच विवाह सम्बन्ध हुने गर्दछ । नेपालको तराईका जिल्लाहरुमा बसोबास गर्ने खास गरी मधेसी समुदायका छोरा छोरीको विवाह सीमावर्ती भारत तथा भारतीयको विवाह नेपाल तर्फ हुँदै आएको छ । एकै खाले सामाजिक र सांस्कृतिक परिवेशका कारण सिमा वारपार हुने विहेबारी लगायतका यस्ता सम्बन्धका कारण नेपाल र भारतका सीमावर्ती क्षेत्रका बासिन्दा बीच 'रोटी बेटीको' सम्बन्ध रहँदै आएको छ । "पहिला त यो पनि थिएन" करिब साँढे तिन दशक अगाडि नेपाल युवकसँग विवाह गरेर आएकी अधिकार कर्मी तथा पूर्व सांसद मोहमदी सिद्धिकी भन्छीनर्, एक अर्को देशमा विवाह भएको अनुभूति पनि हुन्थेन । अहिले औसतमा दैनिक दुई तिनवटा बाराती (जनती) सीमा वारपार गइरहेकै हुन्छ । नातागोता सम्पर्कका आधारमा सीमापार विवाह सम्बन्ध जोडिने गर्दछ । विवाहको लागि सम्पर्क माध्यम आफन्तहरु नै हुने गर्दछन । नेपाल भारत सीमा वारपारमा सदीयौ देखि हुँदै आएको वैवाहिक सम्बन्धले दुवै देश तर्पm जनस्तरको नाता सम्बन्ध छ '। सीमा वारपारको विहेबारीमा यही नातापाता, नातेदारहरुको भूमिका प्रमुख हुने गर्छ । भारतबाट विहेबारी भएर नेपाल आउने चेलीको संख्या भन्दा भारतमा जाने नेपालीको सख्या बढी छ । ठ्याक्कै कति संख्यामा भारतीय चेली नेपाली सँग विवाह गरेर कति आए र कति उता विवाह गरेर गए भन्न त सकिँदैन तर अनुमानित आउनेको संख्या ६० र जानेको अनुपात ४० हुनुपर्छ (अधिकारी र कामती, २०१७) ।

सीमा वारपारको बिहेबारीको सिमावर्ती क्षेत्रमा एक किसिमको सामाजिक सद्भाव कायम गरी राख्न सघाउ पुऱ्याउछ (मोहमद सिद्धिकी) । नेपाल सिमा वारपार बिहेबारी सम्बन्धका विविध आयाम छन् । नेपाल भारत बीच भौगोलिक राजनीतिक रेखाङ्कन भए पनि सीमा वारपार एउटै संस्कृति, अनुसार हुँदै आएको विवाहको लामो इतिहास छ । संस्कृति र सम्बन्धको सिमा हुँदैन । वर्तमान रानजैतिक सिमानाहरु कोरिनू भन्दा पहिले पनि समाज, संस्कृति थियो । सिमाले जनताको सम्बन्ध र संस्कृतिलाई छेक्न सक्दैन । जनताहरु बीचमा सिमामा संस्कृतिक सम्बन्धको सीमै हुँदैन । नेपाल र भारतका जनताबीच निकै लामो र उच्च स्तरको सम्बन्ध हो । तेत्रा यूगमै अयोध्याका राजकुमारले मिथिला राजकुमारी सितासँगै विवाह गरेको धार्मिक ग्रन्थमा उल्लेख छ । राजा जनककै नामबाट जनकपूर नाम रहन गयो । जनकपूर स्थित जानकी मन्दिरमा राम सिताको विवाह मण्डप समेत निर्माण भएको छ । प्रत्येक पाँच वर्षमा अयोध्याबाट भगवान रामको विशेष जन्ती आउँछ । नेपाल भारतबाट लाखौंको संख्यामा भक्तजन जनकपूर आउँछन् । विवाह पञ्चमीमा भारतबाट आएका भक्तजनहरुको बास, खानपिन र जन्ती बिदाई जनकपूरबासीले गर्ने गर्दछन् (महतो, २०७६) । विवाह सम्वन्धवाट वास्तवमै सीमानाको दुवै तिरका मानिसहरु बीच घनिष्ट जनस्तरको सम्बन्ध निर्माण भएको छ । आप्mनो छोराछोरीको विवाह सिमा वारपार गर्ने गर्दछन्  (अधिकारी र कामती, २०१७) । महाकाली र मेची वारिपारिका समुदाय बीचमा विवाह र नाता सम्वन्ध बलीयो रहेको छ भने तराईका जिल्लाहरुका सिमावर्ती गाउहरुमा पनि घनिष्ट सम्वन्ध रहेको पाईन्छ ।

विवाह हुनाको कारण  धर्म संस्कृति, समाज, भारतमा बढी दाइजो नोपलमा कम, उता लाख यता १.६० हजार, गरिब, अभाव र बेरोजगार परिवार नेपालमा कमै दाइजोले काम चल्ने हुनाले नजिकको छोरी बुहारी सानो खटपट हुँदा झोला बोकेर हिडिदिने तर भारतबाट ल्याएको छोरी बुहारी उता खबर पुग्दा र आउँदा सम्म यता समस्या समाधान भैसक्ने हुनाले पनि विवाह बढ्यो, संस्कारका हिसाबले पनि रैथाने भन्दा भारतका बुहारी नरम । विवाह कम हुनाका कारण नेपालको नागरिकता नीति, भारतीय सीमामात्र सुरक्षा जाँच, नेपालमा चर्केको माओवादी द्वन्द्व । पहिला भारततर्फ शिक्षित बुहारी खोज्न जान्थे अहिले नेपालमै छोरी पढाउने चलन ।

## सीमापार स्वास्थ्य सेवाको जनसम्बन्ध

सिमानाका जनताहरुका बीचमा स्वास्थ्य सेवाको सुविधा लिन पनि सुविधा प्राप्त हुने गर्दछ । नेपालको सिमा क्षेत्रमा स्वास्थ्य पूर्वाधारको विकास भएको थिएन, त्यस बखत नेपालका मानिसहरु भारत तर्फ स्वास्थ्य सेवा लिन सिमा पारीका बजारहरुमा जाने गर्दथे । तर पछिल्ला दशकहरुमा पछाडी आउँदै गर्दा नेपालले पनि तराईका जिल्लाहरुमा सामान्य स्वास्थ्य सेवा प्रदान गर्न सक्षम भएको छ । खास गरी तराईका जिल्लाहरुमा क्षेत्रीय, अञ्चल र जिल्लामा स्वास्थ्य अस्पताल सेवाका पहुँच सहज भएको छ । सेवा सुविधाहरुको पहुँच पुगेको छ । यी अस्पतालहरुमा भारत तर्फबाट पनि मानिसहरुको आवतजावत बढेको छ । गुणस्तरीय र सस्तो सेवाले भारतीय सर्वसाधारण नगरिकहरु आकर्षण बढेको छ (झा, २०१०) । नेपालको सीमावर्ती क्षेत्रमा वसोवास गर्ने बासिन्दाहरु पनि स्वास्थ्य सेवाको लागि भारत तर्पmका सीमानाका बजारहरु जस्तै सिलगूरी, दरबाङ, सीमामडी गोरखपुर, लखनौउ, पलिया, बरेली, पिलीभित, खटीमा, सितारगंज, पिथौरागढ, लगायतका सिमावर्ती बजार देखी राजधानी दिल्ली सम्ममा उपचारका लागि जाने गर्दछन ।

भारतीय सिमानाका बिरामीहरु सिमापार गरेर नेपाल तर्फ वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान क्यान्सर अस्पताल भरतपूर, लहान आँखा अस्पताल, जनकपुर मेडिकल कलेज, चिसापानी र नेपालगञ्ज उपचारका लागि आउने

गर्दछन् (झा, २०१२)। यसैगरी गेटा आखाँ अस्पतालमा भारतवाट दैनीक संयौ व्यक्तिहरु आखाँको उपचारका लागी आउने गर्दछन। नेपालको भन्दा पनि भारतमा निशुल्क र स्वास्थ्य उपचार सेवा राम्रो भए पनि पहिले देखी नेपालको उपचार सेवामा विश्वास रहेकोले पुस्तौ पछि पनि भारतीय नागरिक नेपालमा आएर आखाँको उपचार सेवा लिने गर्दछन । भारतको उत्तरप्रदेश र उत्तराखण्डवाट धेरै मानिस उपचारका लागि कैलालीको गेटामा आँखा उपचारको लागी आउने गरेका छन। गेटा आँखा अस्पताल भारतीय सर्वसाधारणहरु बीच धेरै लोक प्रिय रहेको छ। मानिसहरु असपताल भित्रै आगोमा खाना पकाएर खाना खाने गर्दछन। पहिले सानो छदा नै हजुरबुवा सित उनको उपचार गर्न आएका उत्तर प्रदेश भारतका नागरिक आफनो खाखाको उपचार गर्न समेत नेपाल नै आएको वताउछन। नेपाल मा आँखाको उपभार राम्रो हुन्छ भन्ने छाप बसेको हुनाले सर्वसाधारण नागरिक नेपाल आउने गर्दछन।

### सीमामा सेवा सुविधाको आदान प्रदानको जनसम्वन्ध

नेपाल भारत सिमामा नेपाल र भारतका जनताहरु एक अर्कोसुविधा उपभोग गर्ने गर्दछन्। नेपालको सुदूरपश्चिम प्रदेशसँग जोडिएको उत्तरप्रदेशको लखीमपुर खिरी जिल्लाको चन्दन चौकी इलाकको नेपालसँगै जोडिएका गाउँका मानिसहरु नेपाली दुरसंचारको सेवा उपभोग गर्ने गर्दछन्। दुधवा नेशनलपार्क र नेपाली सिमासँगै जोडिएको बेलेरा गाउँम आदिबासी जनजाति थारु बस्दछन्। रोड बिजुली, पानी, स्वास्थ्य शिक्षा सहित संचार नेटवर्क यहाँको प्रमुख समस्या हुन्। मोबाइल नेटवरक नभएकाले नेपाल भारत सिमाना देखि १० कि.मि. सम्म नेपाली नेटवर्कले काम गर्ने हुनाले नेपालको सिम प्रयोग गर्ने गर्दछन्। सीमानाको सुरक्षाको कारण निजी कम्पनीलाई टावर राख्न नदिएको तर सरकारी बीए सएनएलका टावर छन् तर नेटवर्कको हालत खराब छ। लखीमपुरको गौरीफन्टा सिमाना नजिकै रहेको सोहनहा गाउँका बालबालिकाहरु लखीमपुर पढ्न जान्छन्। नेटवरक नभएको हुनाले घरमा नेपालको सिम कार्ड र लखीमपूर तीर भारतीय सिम प्रयोग गर्दछन्। लखीमपुरबाट नजिकैको गाउँमा फोन गर्दा रोमिङ चार्ज लागेर समस्या हुने गर्दछ। बच्चाहरु स्कुलबाट आउँदा घर खबर गर्न कम्तिमा १० रुपया मोबाइलमा ब्यालेन्स हुन आवश्यक छ। नत्र भने नेपालको सिममा फोनै जाँदैन। यसै गरी नेपालकै इन्टर नेट प्रयोग गर्दछन्। तर नेपालको फोन सेवा र नेट महङ्गो बताउँछन्। यस गाउँका स्थानीय मेलाराम भन्छन् यो एक तिर विरोधाभास कुरा छ "जहाँ एक तरफ नेपाल अन्य सबै अत्यावश्यक समानका लागि भारत माथि निरभर रहन्छ ठीक बही भारतमा रहने मानिस नेटवर्कका लागि नेपाल माथि निर्भर छन्। नेपालको नेटवर्क महंगो भए पनि रामो चल्ने हुनाले प्रयोग गर्ने गर्दछन्। आम नागरिकको साथसाथै सीमानामा ड्युटीमा रहेका पुलिस, कस्टम, एसएसवी, आइटीवीपी र बीएसएफका जवानहरु नेपाली सिम प्रयोग गर्दछन् ( खान, २०१६)।

नेपालको पश्चिम भागसँग जोडिएको उत्तराखण्डको भूभागमा पनि दुरसंचार नेटवर्कका समस्या रहेको छ। पिथौरागढ, चम्पावत जिल्लाका नेपाली सिमाना नजिक बस्ने जनताहरु नेपाली सिम प्रयोग गर्ने गर्दछन्। अक्टुवर २०१५ मा उत्तराखण्डको भ्रमणमा आएको समय गृह राज्य मन्त्री किरण रिजीजूले रसएसवी, वीएसवी र पुलिसका जवानहरुलाई नेपालको सिम सुरक्षाका दृष्टिले ठिक नभएकोले प्रयोग नगर्न निर्देशन दिएका थिए। २०१८ जनवरीमा फेरी यस सिमाना क्षेत्रमा मन्त्री आउँदा स्थानीय जनताले नेटवर्कको समस्या समाधानका लागि मुद्दा उठाएका थिए तर समाधान हुन सकेन फेरी पनि नेपाली सिम प्रयोग गर्दछन्। भारतका कतिपय नेता चुनावको समयमा नेपालको घरै लगाउँछन्। नेपालमा रहने मानिसको नातेदार भारतीय सीमाका गाउँमा रहने हुनाले भोटको लागि नेपाली गाउँ आउने गर्छन्। ताकि तीनको मद्दतले भारतमा रहेका तिनका इष्टमित्र÷रिस्तेदारहरु तिनको पार्टीलाई भोट दिउन (शुक्ला, २०१९)। सिमापारका नेताहरु बीचमा पनि राजनैतिक र सामाजिक सम्वन्ध कायम भएको देखिन्छ।

**नेपाल भारत सिमामा भारत विरोधी प्रचारबाट निपटनलाई सशस्त्र सीमा बल**

(एसएसवी) ले सिमा जिल्लामा एफएम टावर लगाउने प्रस्ताव गरेको थियो । भारत सरकारले त्यसको मञ्जुरी दिएको छ । भारत सरकारले नेपाल भारत सीमामा एफएमको प्रसारण बढाउन एसएसबी परिसारमा ट्रान्समीटर जडान गर्न मजूरी दिए सँगै अब विहानको (अररीया) बथनाहा, नरकटियोज (पश्चिम चँपारण) र सितामदी, उत्तरप्रदेशको गदानीया (लखीमपुर खीरी), जानपाडा (बहराइन) र महाराजगंज, उत्तराखण्डमा चम्पावतमा एफम ट्रान्समिटर जडान हुनेछन् (पाँण्डे, २०१९) । सीतामढी जिल्लाको मरुवाही स्थित नेपाल भारत सिमामा रहेको बाबा बातकेश्वर नाथ धाम मन्दिरमा शिवराडीको दिन नेपाल–भारत सिमानामा हजारौ भक्तजन आउने गर्दछन् । मन्दिरमा जल अभिषेक, पूजापाठ गरी मनोकामना गर्दछन् (अरवीन्द्र २०२०) ।

नेपाल भारत मैत्री बस सेवा दुई देशको जनता बीचको सम्बन्ध अझ मजबुत बनाउने कदम हो । दिल्ली काठमाडौं बस सेवा दिल्ली ट्रान्सफोर्ट कारपोरेसन (डीडीबी) ले परिबहन तथा राजमार्ग शुरु गरेको छ । २०१४ नोभेम्बर २५ गते केन्द्रीय मन्त्री नितिन गडकरीले बसलाई हरियो झण्डा देखाएर काठमाडौंका लागि रमाना गरे । यो बस बिहान दश बजे दिल्लीबाट हिडेर फिरोजावाद, फैजावाद सूनौली, मुङ्गलिङ हुँदै काठमाडौं आइपुने गर्दछ । सिमावर्ती शहरवाट देशका विभिन्न भागका लागी वस सेवा संचालनमा रहेका छन ।

**सिमानामा जनस्तरको आर्थिक सम्बन्ध**

खुला सिमानाले दुवै देशका जनतालाई एक अर्को देशमा आवतजावत गर्न, बसाई सर्न, नौकरी गर्न, व्यापार व्यावसाय संचालन गर्न, सहज छ । राजनैतिक र प्रशासनिक रुपमा दुई देशको सिमाना दश गजाले छुटयाय पनि जनतालाई आफनो दैनीक जीवन सञ्चालन खासै प्रभाव पारेको देखिदैन । दैनिक आवश्यकताको लागी कामको खोजीमा आवतजावत गर्न कुनै प्रकारको समस्या छैन । दुवै देशका जनता नेपाल होस वा भारतको जुनसुकै कुना कन्दरामा समेत कामको सिलसिलामा वा घुमघामका लागी धार्मिक कार्यका लागि स्वतन्त्रता पुर्वक आवतजावत गर्न सक्छन । काठमाण्डौ र दिल्ली वीचमा हुने सन्धि सम्झौता भन्दा पनि सिमा क्षेत्रका जनताको वीचमा विशिष्ट जनता स्तरको अथवा नागरिक तहको घनिष्ठ सम्वन्ध रहेको छ ।

नातेदार र आफन्तकै आड भरोसामा नेपालका भारत र भारतका नेपाल आएर विभिन्न व्यापार–व्यवसाय र रोजगारीमा पनि संलग्न छन् । यसले सिमावर्ती क्षेत्रलाई आर्थिक रुपमा पनि जोडेको छ । भारतका व्यापारी नेपाली गाउँ, घर, शहरमा व्यापार गर्ने, नेपालमा सवारी साधन चलाउने, काम गर्ने गर्छन भने नेपाली भारतमा त्यस्तै कार्य गर्छन् (अधिकारी र कामती, २०१७ ) । नेपालीहरु नैनीताल, पिथौरागढ, खटिमा, धार्चुला, झुलाघाट, बनवासा, टनकपूर आदि ठाउँमा जीविकोपार्जनको लागि छोटोमोटो रोजगारी मजुरी काम गर्दछन् । यसै गरी सिमावर्ती भारतीय बजार नेपाली गाउँ शहरमा घरेलु सरसमानको अपूर्ति गर्ने गर्दछन् । नेपालमा भएको सस्त्र युद्धको बेलामा माओवादीले र सरकारले गरेको क्रियाकलापले बैतडी, दार्चुला, गोकुलेश्वर, महेन्द्रनगर, पाटन, पुचौडी हाड लगायतका बजारमा उपभोग्य वस्तुहरुको अभाव भयो । त्यी ठाउँका मानिसहरु माओवादीको डरले सिमावर्ती बजार पसे । त्यसै गरी सीमावर्ती बजारमा पनि मानिसहरुको आवतजावत रोकिएपछि ती ठाउँका व्यापारीको व्यवस्था पनि संकटमा पर्यो ।

उत्तरप्रदेशको लखीमपुर, सिदार्थनगर, बहराइन, महाराजगंज, श्रावस्ती, पिलीभीत, बलारामपूरका लाखौ मानिसको नेपालमा नातापाता÷रिस्तेदारी छ । हजारौ मानिसहरु कामकाजको लागि प्रत्येक दिन सिमावारपार आवतजावत

गर्दछन् । कतिपय यस्ता मानिस छन् जसको घर सिमाना वारीपारी दुवै देशमा पर्दछ । कतिपयको दुवै देशमा व्यापार व्यवसाय छ त कतिपयको कुनै एक अर्को देशमा छ (अरवीन्द सुक्ला, २०१९) । झुलाघाटमा व्यापारी, कस्टम, र एसएसवी बीच भएको बैठकमा व्यापारीहरुले नेपालमा हुने शिवरात्रीमा समान पढाउन नरम हुनु पर्ने कुरा राखे । उनीहरुले विवाहको सिजनमा चिनी चायपत्ती तथा अन्य जरुरी समान लैजानमा नियममा छुट दिनुपर्ने माग राखे । त्यसै गरी नेपालबाट भारत आउने घरेलु उपभोगका लागि अदरक र सब्जी पाँच पाँच किलो तक आउन दिनुपर्ने माग राखे । नेपाल भारत बीचको धार्मिक, सांस्कृतिक, भाषिक र नश्लीय समानतालाई कसरी दुई देशका सम्बन्ध नयाँ उचाइमा लैजाने भनेर दुवै देशका नेता, बुद्धिजीवीले बहस गर्नुपर्छ ( अर्याल, २०७६) ।

**किनमेलको र व्यापारको जनसम्बन्ध**

खुला सिमाना र सिमाना क्षेत्रमा रहेको जातजातीय, सामाजिक, सास्कृतिक, रोजगारीको अवसरका साथै किनमेल र व्यापारको सम्वन्धले सिमावारपारको गतिशिलतालाई बढावा दिएको पाईन्छ । खुला सिमानाले दुबै देशका जनतालाई वाँच्नको लागी अवसरहरु प्रदान गरेको छ । आफनो र आफनो परिवारको जिवन सहज बनाउन, जिविका चलाउन दुबै देशका नागरीक दैनीक आवश्यक्ता पुरा गर्ने  हिसावले किनमेल गर्न सिमा वारपार गर्ने गर्दछन । सिमाना वारीपारिका मानीसहरु किनमेल, रोजगारी, शिक्षा, धार्मीक, सास्कृतिक सामाजिक कामको लागी दैनीक अन्तराष्ट्रिय सिमाना वारपार गर्ने गर्दछन । नेपाल सरकारले गठन गरेको हर्क गुरुङ आयोगले २०४० सालमा तराईका ११वटा सीमाचौकीमा गरेको अध्ययनले नेपाल भारत सिमानामा ओहरदोहर गर्नेमा कृषि पेशा गर्नेहरुको सख्या धैरै छ भन्ने त्यस पछि क्रमश व्यापारी, मजदुरी र नौकरी गर्नेहरुको प्रवृति सिमानामा प्रसस्तै रहेको देखिएको थियो । सिमानामा ओहरदोहर गर्नेमा नेपालीहरु भन्दा भारतीयहरुको अनूपात धैरै रहेको अनुसन्धानले देखाएको थियो । किनमेलको लागी धैरै मानीसहरु आवतजावत गर्ने र नेपालमा किनमेलका लागि आउनेहरुको संख्या भन्दा भारत जानेको सख्या धैरै रहेको अध्ययनले देखाएको थियो (गुरुङ र अरु, २०४०) । तिन दशक भन्दा अगाडी गरिएको यो अध्ययनले पनि नेपाल भारत सिमानाको आवतजावतको तथ्यांकले नेपाल भारत सिमानाको घनिभूत सम्वन्धलाई प्रस्तुत गरेको छ । वर्तमान समयमा सिमावारपारको गतिशिलता अझै बढेको छ ।

मानिसहरु दैनिक किनमेलका लागी हजारौको संख्यामा सिमावर्ती बजारमा जाने गर्दछन । पहिले भारतीय नागरिक चिनीया सामान कपडा, छाता, टर्च, किन्नका लागि नेपालको सिमावर्ती बाजारमा धैरै आउने गर्दथे । आजभोली नेपालमा पेयपदार्थ पिउन, नेपालवाट कपडा किन्न मानिसहरु आउने गर्दछन ।  नेपाली नागरिक कुच्चो देखि चिनी, दाल, तेल, मसला, भाडाकुडा, किन्नको लागि सिमावर्ती बजारमा जाने गर्दछन । सिमावारपारका व्यापारि र क्रेताहरुबीतमा नजीकको सम्वन्ध स्थापित भएको हुन्छ । ओषधि मुलो, अस्पताल जादा भारु पनि भारतमा रहेका वयापारिले व्यवस्था गरिदिने गर्दछन । सिमानामा किनमेलका क्रममा सिमानाका धैरै मानिसका वीचमा घनीष्ट जनस्तरको सम्वन्ध पाईन्छ । नेपालवाट पुजापाठ, ब्रतवन्ध, विवाह लगायतका कार्यक्रममा सिमापार भारतीय बजारमा गएर किनमेल गरेर लयाउने गर्दछन । प्रतिदिन घरको लागि आवश्यक सरसामान किनमेल गर्न भारतीय बजारमा गएको सिमाको अवलोकनवाट देख्न सकिन्छ । साईकल किन्न, मोटरसाईकलको पाटपुर्जा र सर्‌्वीस गर्न, बालवालीकाको खेलउना, गाडी र कारका सामानका साथै विद्युतीय वातावरण मैत्री स्कुटी किन्न तराई क्षेत्रका नेपाली सिमावर्ती बजारमा जाने गर्दछन । सिमावर्ती वजारमा घरेलु सामान देखि लिएर व्यापारिक प्रयोजनको लागि कारेवार हुने गर्दछ । सिमापारिका जनताहरुका बीचमा उधारो पनि चलने गर्दछ । सिमानामा व्यापारिक  सामान नै ओसारपोसार गरेर हजारौ घरपरिवारको जनजिविका चलेको पाईन्छ । सिमावर्ती

वजारमा जहाँ सस्तो पाईन्छ मानिसहरु त्यहाँ गएर किनमेल गर्ने गर्दछन। पहिले मानिसहरुका किनमेल गर्ने निशिचत पसल हुने गर्दथे जो लामो समयदेखिको सम्वनधले वाधिएका हुने गर्दथे। आजभोली सुचना प्रविधिले जनस्तरको सम्वनधलाई अझ मजबुत वनाई दिएको छ। सिमावर्ती भारतीय व्यापारिहरुको अरवौको लगानी नेपालमा उधारोमा रहेको पाईन्छ। व्यापारीहरुले नेपालमा हप्तामा एक दिन पैसा उठाउन नेपाल आउने गर्दछन।

### नाकाबन्दी र नोटबन्दीमा जनस्तरको सम्बन्ध

सिमानाको निकटताले सिमानाको एक भागतिरका मानिसहरुको अर्को पट्टिका मानिसहरुसगँ मानविय एवम घनीष्ट छिमेकी, समकक्षीको सँगै सौहार्दपूर्ण हुने गर्दछ। जनता जनता बीचको अन्तरक्रिया र सम्पर्कले विस्तारै तिनीहरुलाई नजिक ल्याउने गर्दछ। सिमानाका मानिसहरुको सम्बन्धको प्रतिबिम्ब नेपाल भारत बीचको अघोषित नाकाबन्दीको बेला भारतीय सिमावर्ती क्षेत्रका समकक्षी जनताहरुले नेपाली जनताहरुलाई खाद्यान्न, पेट्रोलियम पदार्थ लगायतका बस्तुको अभाव हुन दिएनन। आफना नातेदारहरुको लागी आवश्यक सामग्री खेतको बाटो भएर नेपाल तर्फ पुर्याए (कुमार, २०६६)। सिमानामा वसोवास गर्ने सिमा वारपारका वासिन्दाहरु सरकारको सिमानालाई छलेर भए पनि आवश्यक वस्तु तथा सेवा अदानप्रदान गर्ने गरेको थुप्रै उदाहरणहरु पाईन्छन। महेन्द्रनगर लगायत सिमानाका क्षेत्रमा पेट्रोलीयम पदार्थको कमी हुदा कतिपय गाडी, मोटर सिमावर्ती भारतीय बजारमा गएर पेट्रोलीयम पदार्थ बोकेर राजधानी शहर पठाएका थिए। सिमावर्ती बाजारमा नेपाल भारत सिमाना छिद्र सिमाना भएकाले समानको अभाव कहिले पनि हुदैन। सिमाना पार पनि समान जातिय समाज भएकाले सिमावारपार जनस्तरको सम्वन्धले जता अभाव छ त्यसको सिमापारका जनताले पुर्ती गर्ने गर्दछन।

नेपाल र भारतीय सिमावर्ती बजारमा नेपाली र भारतीय दुवै मुद्रामा कारोवार हुने गर्दछ। मानिसहरु दुवै देशका मुद्रा सित चिरपरिचित हुन्छन। धेरै जसो नेपालीहर औषधेपचार, तिर्थवर्त, किनमेल आदिका लागी भारत तर्फ नै जानु पर्ने हुनाले भारतीय रुपया घरमा राखि राख्ने गर्दछन। नेपाल र भारतको सिमानाका बजारहरु एक अर्को देशका पर्यटक, स्थानीय जनताको किनमेल गर्ने नाता सम्बन्ध जोडिएका ठाउँ हुन्। प्रायः जसो नेपाली स्थानीय दैनिक उपभोग्य वस्तु किनमेल गर्न जान्छन् भने भारतीय नागरिक नेपाली जुत्ता, ज्याकेट, व्यालेडकेटका साथै चाइना र अन्य देशको समान किन्न नेपाल आउँछन्। यसै गरि ओखर, नेपाली दाल, किनेर लैजाने गर्दछन। व्यापारि र आम जनता सित दुवै देशको मुद्रा हुने गर्दछ। भारतमा भएको नोटबन्दीको असर नेपाल र भारतीय सीमाको बजारमा प्रत्यक्ष रुपमा प्रभाव पा¥यो। दुवै तर्पmको बजारमा ठूला नोटको र पुरानोटको समस्याले व्यापार व्यवसाय ठप्प भयो। शुरुका केहि दिन त दार्चुला–धार्चुलामा नेपाली पैसाकै कारोवार भयो ( खान, २०१६)। समय समयमा मुद्रामा हुने हेरफेरले सिमावर्ती क्षेत्रका जनतालाई असर गर्ने गर्दछ। भारतमा भएको मुद्रा बनदीको कारण धेरै नेपालीहरुलाई पनि असर पारेको थियो। सिमावर्ती क्षेत्रमा वसोवास गर्ने कतिपय नेपालीको भारतीय बैंकमा खाता हुनाले धेरैको पैसा सतहि गर्न सहज भयो। कतिपय नेपालीले भारतमा वसोवास गर्ने आफन्त, इष्छमित्र, साथीभाई र व्यापारिहरलाई जो सित लामे समयको चिनजानको गहिरो सम्वनध थियो उनीहरु मार्फत पैसा सटहि गरे।

### सीमापार रोजगारी र बसोवासको सम्बन्ध

नेपाल र भारतका नागरिक दुवै देशमा रोजगारिका लागि दैनीक सिमावर्ती बजार देखि लामो समयका लागि देशका कुनाकप्चा सम्म पुग्ने गर्दछन। सुदूरपश्चिम कर्णाली र कोशी प्रदेशवाट नेपालीहरु बढी मात्रामा भारतमा रोजगारि गर्न जाने गर्दछन। भारतमा खुला सिमाना, भारतमा सहजै रोजगारि पाईने, मन लागेको बेलामा घर आउन मिल्ने हुनाले नेपाली

भारतमा रोजगारिको लागी जाने गर्दछन । नेपाल भारतमा रहेका आफन्त, साथीभाई, ईष्टमित्रले पनि रोजगारिका लागि उत्प्रेरित गर्ने गर्दछन । धेरै नेपाली भारतयि सरकारी र गैरसरकारी सेवामा सेवार हुनका साथै सेवामा सेवा निवृत रहेका छन । नेपाली भारतवाट नेपालको तराईमा मौसमी मजदुरहरुको आगमन धान रोप्ने र काटने समयमा हुने गर्दछ । नेपालीहरु हिउदमा भारत कामका लागी बढी जाने गर्दछन । नेपालीहरुलाई भारतमा नागरिक अधिकार प्राप्त भएकोले त्यहाको नौकरी प्रतिको लगाव बढी छ (एन सि पी, १९८३) । नेपालको पहाडी भु भागवाट कामका लागी भारत जाने प्रचलन छ । तराईको भू भागमा भारतवाट कामका लागी आउने गर्दछन । सन १९९२ मा तराईमा गरीएको एउटा सर्वेक्षणले १० वटा जिल्लामा ४० प्रतिशत कृषि मजदुर भारतवाट आउने देखाएको थियो (मिश्र, २०५३ ) ।

नेपाल भारतको १९५० को शान्ती तथा मैत्री सन्धिको धारा ७ मा दुवै सरकारले आफना राज्य क्षेत्र भित्रका अर्को मुलुक भित्रका रैतीलाई निवास सम्पतिको भोग, व्यापार, बाणिज्यमा भाग लिन सकने, आवतजावत गर्न सक्ने यस विषयमा पारसपरिक तवरले समान विशेषाधिकार दिने कवोल गर्दछ (संग्रौला, २०७१) । यसै सन्धिले दुवै देशका नागरीकलाई समान हैसीयत प्रदान गरेको हुनाले कतिपय नेपालीहरु भारतीय सरकारी नौकरी, विभिन्न कम्पनीमा काम गरिरहेका छन । भारतीय सेना प्रहरीमा नेपालीहरुको आकर्षक नौकरी हुन । त्यसैगरी सडक, जलविधुत, सिचाई, नहर निर्माण, बैक, होटल, कृषि देखि पहरेदारी सम्मका काम नेपालीहरुले गर्दछन । भारतीय नागरिकहरु विशेष गरी स्कुल, कलेजका शिक्षक, फैक्टरीमा कामदार,सिकर्मी, डकरमी इटाभटटा, कृषिमजदुरी, ब्यापार व्यावसाय, बगर खेती, मोटर, साईकल मर्मत, घर निर्माण लगायतका काम मा संलगन छन (दहाल, १९८९) । सिमाना पार गरेर रोजगारि गर्ने मानिसहरु पुस्तौनी रुपमा पनि काम गर्ने गर्दछन । पहिलो पुस्ताले गर्न शुरु गरेको पेशा वा व्यावसाय, रोजगारि पछिल्लो पुस्ताले पनि निरन्तरता दिने गरेको पाईन्छ । यसको उदाहरणमा कञ्चनपुरमा कपाल काट्ने, नुन, तरकारि सित अन्नपात साटफेर गर्ने, भैसीको व्यापार गर्ने मानिसहरु धेरै जसो पिलिभित, खटीमा तिरको रहेका छन । दार्चुला र धार्चुलामा विहारका मानिस घर देखि सडक, ढल र काठको कामका गर्न आफनो पकड बनाउदै गएका छन । सिमावर्ती किराना पसल, कपडा पसल, मोवाईल पसल, साईकल, होटल लगायतका षेत्रमा सिमावर्ती गााउ, शहरका मानिस दैनीक रोजगारिका लागि अवसर पाउने गर्दछन जस्ले व्यापार व्यावसायलाई बडाउने गर्दछ ।

कतिपय नेपाली र कतिपय भारतीय रोजगारिको सिलसिलामा अर्को देशमा वस्दै गर्दा त्यही विवाह थरेर घरजम गरि वसोवास गरेका छन । कतिपय परिवार नै अर्को देशमा गएर दुई ति पुस्ता देखि वसोवास गर्दै आएका छन । नेपालमा जन्मेका शिक्षा आर्जन गरेर नेपालमै रोजगारि भएका कतिपय सिमावर्ती समुदायका छोरी चेली विवाह गरेर भरातमा गएकाछन् । वसोवास भारतमा भए पनि रोजगारि नेपालमा रहेको छ । यसैगरि नेपाल भारतमा रोजगारी गर्ने एक अर्का देशका नागरिकहरु जहाँ वस्यो त्यतै लामो समय वसेर पेशा व्यवसायको काम गर्ने कतिपय व्यक्तिहरुका परिवारका सदस्यहरु समय समयमा घरपरिवारका सदस्यहरुलाई भेटघाटका लागीस्वतन्त्र रुपमा एक अर्को देशमा आवतजावत गरिरहेको पाईन्छ । यसरी नेपाल भारतको सिमावर्ती इोधमा वसोवास गर्ने जनताजनता जनता बीचमा सुमुधुर सम्वन्ध रहेको पाईन्छ ।

### सीमा क्षेत्रमा तनाव र जनस्तरवाट व्यवस्थापन

नेपाल भारत सिमामा वसोवास गर्ने जनताहरुको बचिमा सधै मेलमिलाप मात्र रहदैन कहिले काहि विभिन्न विषयमा मतभिन्नताहरु देखा पर्दछन र वादविवाद पनि हुने गर्दछ । सिमानामा बस्ने मानीसहरुको दैनीक जनजीवन सिमा

वारी पारी हुने विभिन्न क्रियाकलापले प्रभावित पार्ने गर्दछ । सीमा क्षेत्रमा हुने अपराधिक क्रियाकलापहरु, चोरी डकैती, सैन्य हस्तक्षेप, लागू औषधि कारोवार, मानव बेचविखन, सिमा हेरफेर लगायतका क्रियाकलापले सिमा क्षेत्रको जनताको जनजीवनलाई तत् ठाउमा बसोवास गर्ने मानीसहरुको त्रसीत बनाएको पाईन्छ । अर्को तीर सिमा नजीक वसोवास गर्ने मानीसहरुको जीविकोपार्ज गर्ने धैरै सुअवसरहरु पनि प्राप्त हुने गर्दछ । सीमा वारिपारिको विकास र परिवर्तनको प्रभाव अर्का तिर पनी पर्ने गर्दछ । सिमा वारी पारीको बसोवासवाट जनतालाई दुबै तर्फको फाईदा को उपभोग गर्ने अवसर उपल्बध हुने गर्दछ ।

विश्वका धैरै मुलुकमा सीमा क्षेत्रमा सरकार र जनता बीचमा तनाव हुने गर्दछ । विश्वको तुलनामा खूला सिमाना रहे पनि नेपाल भारत बीचमा छिटपूmट घटना बाहेक आपसी सद्भाव कायम छ । २०६६ साल माघमा भारतीय झन्डाको अपमान हुने गरी नेपालगंजमा पोस्टर टाँसे । त्यसबाट भारतीय जनताको स्वाभिमानमा चोट पुगेको भन्दै रुपैडीया उद्योग बाणिज्य संघका तत्कालीन अध्यक्ष छेदीलाल मधेसीयाको अगुवाइमा सीमावर्ती रुपैडीया बजार बन्द गरियो । बाकेका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाइयो । त्यस पछि कुनै एक राजनैतिक दलका कारण दुई देश बीचको सम्बन्ध बीच असर पर्दैन भन्ने सन्देश सहित पिस फर नेपालका अध्यक्ष डा. सुशील कोइरालाको अगुवाइमा बाँकेको नागरिक समाजले सिमावर्ती रुपैडीयाका व्यापारी, नागरिक समाजलाई गूलाबको फूल दिएर अंकमाल गरे, माफी मागे । सिमा पारी भारतीय सुरक्षा निकायबाट कुनै नेपाली कुटिए पनि रुपैडीयाका व्यापारीले बजार बन्द गरेका छन् र प्रशासनलाई दवाव दिएर माफी माग्ने तथा पीडितहरुलाई क्षतिपूर्ति दिलाउन बाध्य पारेका छन् (अधिकारी, २०१७) । नेपाल भारत सिमा क्षेत्रको गाँउ दोधारा चाँदनीमा पनि नेपाल र भारतीय नागरिकहरुका बीचमा हुने बेलावख्तका भैझगडा दुवै देशका नागरिक र प्रशासन वसेर मेलमिलाप गराउने गरेको पाईएको छ । सिमानामा हुने सिमानाको विवादहरु पनि समय समयमा ठुलै रुप लिने गरेका छन । ति सवै स्थानीय प्रशासन र नागरिक समाज मिलेर सुझाउने गरेका छन ।

यसरी नेपाल भारतको सिमा क्षेत्रको जनता बीचमा स्नेह, माया प्रेम, सद्भाव, सहिष्णुता रहेको देखिन्छ । सीमा वारिपारिका जनता बीचमा हुने वैवाहिक सम्वन्धले अझ दुई देशका बीचमा बरावरको सम्वनध प्रगाढ बनाएको छ । जातजातीय, समुदाय,  विरादरी, धर्म, भाषा सांस्कृतिक समानताले नेपाल भारत वीचको राजनैतिक सिमानालाई बुच्चो बनाएको छ । नेपाल भारत सिमाना राजनैतिक सीमाना भन्दा पनि सामाजिक र नाता सम्बन्ध बढी महत्वपूर्ण छ । सिमानाका समाजहरु उस्ता उस्तै हुनका साथै उस्ता उस्तै सामाजिक सांस्कृतिक अभ्यासहरु इतिहास देखि अपनाउँदै आएका छन् । फलस्वरुप यस्ता समानताले नेपाल भारत सिमानामा भौगोलिक तथा सामाजिक गतिशीलता वृद्धि गरेको छ

## निष्कर्ष

नेपाल भारत दुबै देशका जनता जनता बीचको जनस्तरको सम्वन्ध प्रगाढ रहेको छ । भुगोल, इतिहास र संस्कृतिको निरन्तरता, रीतिरिवाज, सम्झना देखि पर देखिको दुई देशका जनता बीचको अन्तरक्रिया, बृहत खुला सिमानाको व्यवस्था नेपाल भारत सम्वन्धका जग हुन । वास्तवमा नेपाल भारत सम्वन्धलाई खुला सिमानाबाटै परिभाषित गर्न सकिन्छ, जुन प्रगाढ र चौडा बन्धनको सम्बन्ध हो । दुबै देश बीच हुने सन्धि समझौता भन्दा पनि पर दुई देशका जनता जनता बीचको सम्वन्ध माथि रहेको छ । वर्तमान नेपाल र भारत देशको उत्पत्ति भन्दा पहिले देखि नै खुला सिमाना र इतिहास देखी जनताको आवतजावत हुदै आएको छ । दुबै देशको समान समाजिक, सास्कृतिक धार्मीक, आर्थिक  र जातीय समानताले जनता जनता बीचको सम्वन्धलाई प्रोत्साहन गरेको छ । दुबै देश बीचको सिमानाको सिमांकनले

आवतजावतमा अवरोध गरेको देखिदैन । निरन्तर समाजिक साँस्कृतिक सम्पर्क र आर्थिक आदान प्रदान चलिरहेका छन । सीमावारपार हुने चेलीबेटी बेचबिखन तथा मानव ओसारपोसार लागु औषध दुव्र्यसन, अपराधिक क्रियाकलाप नियन्त्रण, चोरी पैठारी, शुसासन, सामाजिक सुरक्षा, विपद व्यवस्थापन सिमा सुरक्षा लगायतका विविध पक्षमा दुवै देशका सरकारी एवं गैर सरकारी संस्थाहरुको बीचमा सहकार्य र समन्वय हुने गर्दछ ।

दुवै देशका नागरिकहरुका बीचमा सामाजिक, सास्कृतिक, आर्थिक राजनैतिक वातावरणीय तहमा जनस्तरको आदान प्रदान भई रहेको पाइन्छ । समकालीन समयमा पनि नेपाल र भारतको विभिन्न सीमा जोडिएका प्रान्तहरुका जनता र राज्य सरकारहरुका बीचमा सास्कृतिक आदानप्रदान र सहकार्य भइरहेको पाइन्छ । भारतको पश्चिम सिमानामा कुमाउँ संस्कृत्ति सँगै नजिक छ भने मध्य तराई क्षेत्र भारतको उत्तर प्रदेश र विहारका समाज र संस्कृति समान छ । यसैगरी पूर्वी नेपाल र भारतको बगाल र असाम मा बसोवास गर्ने जन समुदाय बीचमा सास्कृतिक र धार्मिक सामीप्यताले सास्कृतिक र धार्मिक आदानप्रदानका साथै सहकार्यहरु भइरहेको पाइन्छ । नेपाल भारतको सीमा क्षेत्रको जनता बीचमा स्नेह, माया प्रेम, सदभाव, सहिष्णुता रहेको देखिन्छ । सिमा वारिपारिका जनता बीचमा हुने बैवाहीक सम्वन्धले अझ दुई देशका बीचमा बरावरको सम्वन्ध प्रगाढ बनाएको छ । सिमावारिपारि एउटै जातजातीय, समुदाय, विरादरी, धर्म, भाषा सांस्कृतिक समानताले नेपाल भारत वीचको राजनैतीक सिमानालाई बुच्चो बनाएको छ । नेपाल भारत सिमाना राजनैतिक सीमाना भन्दा पनि सामाजिक र नाता सम्बन्ध बढी महत्वपूर्ण छ । सिमानाका समाजहरु उस्ता उस्तै हुनका साथै उस्ता उस्तै सामाजिक सांस्कृतिक अभ्यासहरु इतिहास देखि अपनाउँदै आएका छन् । फलस्वरुप यस्ता समानताले नेपाल भारत सिमानामा जनताहरुका बीचमा गहिरो जनस्तरको समवन्ध रहेको पाईन्छ ।

## सन्दर्भसामग्री


अरविन्द, अकेला (२०२०), *नेपाल इन्डिया वारडर स्थित मन्दिर*, मुजफरपुर, २१ फेब्रुअरी ।

अर्याल, तीरैलोक्यराज (२०७६), *नेपाल मेगाजीन*, ३० फागुन शुक्रवार ।

कुमार, शतीस (२०१९), *कैसे गायव हुए नेपाल सिमा पर पढे पिल्लर*, निउज १८,विहार, २४ फेब्रुअरी ।

के.सी. सुरेन्द्र..(२०६६), *नेपालको भारत नीति तथा सन्धि सम्झौता*, मधुवन प्रकाशन ।

खान, अभय (२०१६), *नेपाल भारत सटे इलाकेमे नेट बन्दीका असर*, चौक, २८ डिसेम्बर ।

गुरुङ्ग हर्क र अन्य (२०४०), *नेपालमा आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइः अन्तराष्ट्रिय मानव अधिकार*, वातावरण तथा विकास प्रतिष्ठान ।

पाण्डे, पुन्म (२०१९), *नेपाल भारत वार्डर मे एफएम कवरेज*, नवभारत टाइम्स, ०६ डिसेम्बर ।

पोखरेल, टीकाराम (२०७६), *नेपाल भारत सम्बन्धका आयामहरू*, नेपाल समाचारपत्र दैनिक,३१ जेठ ।

बस्नेत, ललित कुमार (२०७५), *नेपाल भारत सम्बन्धः कसिलो र कमजोर बनाउने तत्त्वहरू र भावी कार्यदिशा*, प्रशासन, १३ कार्तिक, शुक्रवार ।

मिश्र, चैतन्य (२०४६), *नेपाल-भारत विवादका केही आर्थिक पक्षहरू,* झिल्को, वर्ष १० अङ्क १, वैशाख ।

महतो, राजकरण (२०७६), *रामजानकी विवाह पञ्चमी तयारीको आर्थिक अभाव*, अन्नपूर्ण पोष्ट, ४ मङ्सिर ।

योगी नरहरिनाथ (२०२१), *सन्धिपत्र सङ्ग्रह*, इतिहास प्रकाशन ।

श्रेष्ठ, बुद्धिनारायण (२०७३), *नेपाल भारत सम्बन्धका तितामिठा कुरा, नेपाल भारत सम्बन्ध*, विजयकुमार पौडेल (सम्पा.), माइलस्टोन प्रकाशन तथा प्रसारण प्रा.लि. ।

शर्मा, वि सी (२०२१), *नेपालको इतिहास रूपरेखा,* वाराणसी, कृष्णा कुमारी देवी ।

सङ्ग्रौला, नारायणप्रसाद (२०७१), *आधुनिक नेपालको इतिहास*, विद्यार्थी पुस्तक भण्डार ।

शुक्ला अरविन्द्र र दया सागर (२०१९), *भारत नेपाल वाँर्डर, गाँव कनेक्सन*, ११ मे, गौरीफन्टा, भारत ।

शुक्ला, अरविन्द्र (२०१९), *नेपालमे गाँव कनेक्सन*, ३० अप्रिल, धनगढी, नेपाल ।

अधिकारी कृष्ण, कामती सुरेन्द्र कुमार (२०१७), *नेपाल भारत सम्बन्ध, घट्दै सीमापार विवाह*, अन्नपूर्णा टीभी, ९ मे, खोज पत्रकारिता केन्द्र ।

Dahal, D. R & C. M. (1989). *Indo-Nepal migration: Data and issue*. *Paper presented at symposium on Nepal-India relations* organized by CNAS, Tribhuwan University.

Fan, Z. (2017). *Study on the social order of cross border ethnic groups*. *Advances in Social Science, Education and Humanities research. 123.*

Gaige, F. H. (2009). *Regionalism and national unity in Nepal*. Social sicence Baha. Himal Books.

Hans, B. (2009). *Nepal's border to India: National border and identity boundaries in southeast Nepal*. Retrievedfromhttp://www.unibielefeld.de/tdrc/ag_sozanth/downloads/ hans.pdf.

Jha, H. B. (1993). The community and national integration in Nepal. Center for Economic and Technical Studies

Jha, H. B. (2010). *The economy of Terai region of Nepal: Prospects for its sustainable development.Lalitpur,* Centre for Economic and Technical Studies (CETS).

Jha, S. K. (1989). *Indo-Nepal relations*. Archives Books.

Kumar, R. (2016). *Nepal India open border: Springboard for opportunities*. Jawaharlal University. Sage Publications.

Mishra C. (2007). Indo-Nepal relations: A view from Kathmandu. Essays on the sociology of Nepal. Fine Print, Lalitpur , Nepal.

Nepali, G. S. (1995). India border relations. Edit, Hari Bansh, Center for Economic and Technical Studies.

Pant, S. D. (2006). Nepal India border problems. SIRUD.

Pant, Y. P. (1962). Nepal-India trade relations some recent trends. Retrieved from https://www.epw.in/system/files/pdf/1962_14/8/nepalindia_trade_relationssome_recent_trends.pdf

Prasad N. N. (2017). India –Nepal relation: A review, Sumit Enterprises, New Delhi

Puran, C. (2017). India ADMIDST changing security Equation sumit Enterprises, New Delhi.

Rakesh, R. D. (2018). *Socio-cultural relations between Nepal India.* Publisher, Nepal Council of World Affairs

Roka, H. (2006). Nepal India border regulation in the context of present conflict. Edt Shiva K. Dhungana. The Maoist insurgency and Nepal India Relation. Friends for Peace. Kathmandu. Nepal.

Sharma, P. R. (1996). India –Nepal relations: Differences of perceptions or Interests, Edited: Klim Bahadur and Mhandra pilama, Har- Ahand Publication New Delhi.

Thapaliya S. (1999). Movement of population between India and Nepal: Emerging challenges. Strategic Analysis, 23(5), 777–789.